# ८ चर्च

*यस अध्यायका मूल पदहरू:* व्यवस्था ३२:४, भजन २८:१, यूहन्ना १७, यूहन्ना १५:१५, मत्ती ७:१५, मत्ती ५:२३,२४, मत्ती १८:१५१८।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"म केवल तिनीहरूको (आफ्ना चेलाहरू) निम्ति मात्र प्रार्थना गर्दिंन। तर तिनीहरूले सुनाएका सन्देशले गर्दा जसले मलाई विश्वास गर्छन्, तिनीहरूको निम्ति पनि प्रार्थना गर्छु। जसरी तपाईं ममा हुनुहुन्छ र म तपाईंमा छु त्यसरी नै तिनीहरू पनि एक होउन् भनेर म बिन्ति गर्दछु। तिनीहरू पनि हामीहरूको भित्री चक्रमा होस् भनि म चाहना गर्दछु। अनि मात्र तपाईंले मलाई पठाउनुभयो भनेर संसारले विश्वास गर्नेछ।× (यूहन्ना १७:२०,२१ भावरूपान्तरित)।**

**इसाई चर्चका जराहरू आदम, अब्राहम र इस्राएल अर्थात याकूबका सन्तानहरूमा गाडिएका छन्।** परमेश्वरले अब्राहम र पछि इस्राएलीहरूलाई उहाँसँग अत्यन्त घनिष्ट सम्बन्ध राख्न आह्वान गर्नुभएको थियो। यदि ती यहूदीहरूले परमेश्वरसँग घनिष्ट सम्बन्ध राख्न सफल भएको भए तिनीहरूमार्फत उहाँले संसारलाई आशीष दिन सक्नुहुन्थ्यो। परमेश्वरसँग घनिष्ट सम्बन्ध राख्ने प्रक्रिया अब यहूदीहरूबाट चर्चमा सरेर त्यसले निरन्तरता पाएको छ भनेर बाइबलको इतिहासले बताउँछ।

चर्चको आविष्कारक चेलाहरू र कुनै मानविय शक्तिहरूबाट भएको थिएन। आफ्नो सेवा कार्यमा येशू आफैले चर्चको सुरुवात गर्ने योजना खुलासा गर्नुभएको थियो। उहाँले भन्नु भयो "मैले चर्चको निर्माण वा स्थापना गर्नेछु।× (मत्ती १६:१८ रूपान्तरित)। चर्चको जीवनको मूल धार येशू ख्रीष्ट हुनुहुन्छ। चर्चको संस्थापक उहाँ नै हुनुहुन्छ।

चर्च भन्ने शब्द येशूको मुखारबाट केवल तीन पटकमात्र उच्चारण गरिएको सुसमाचारका पुस्तकहरूले बताउँछन् (मत्ती १६:१८, १८:१७)। तर त्यसको अर्थ यो होइन कि येशूले त्यस विषयमा मौन हुनुभएको थियो। यथार्थमा उहाँले चर्चको बारेमा अत्यन्त महत्त्वपूर्ण धारणा व्यक्त गर्नुभएको थियो। चर्च सम्बन्धी दुई विषय वस्तुहरू यस

अध्यायमा हामी नियाल्नेछौंः चर्चको स्थापना र परमेश्वर र एक आफसँग चर्चको एकता।

## १. चर्चको स्थापना (व्यवस्था ३२:४)

"यस चट्टानमाथि मेरो चर्च स्थापना गर्छु" (मत्ती १६:१८ रूपान्तरित) भनेर येशूले भन्नुभएको थियो। त्यो चट्टान (पेत्रा petra ग्रीक भाषामा) कुन हो जसमाथि चर्च स्थापना गर्ने भनेर उहाँले वचन दिनुभएको थियो? कतिपयले त्यो चट्टान पत्रुस हो भनेर वाख्या गर्दछन्। येशूले पत्रुस र चट्टानको बारेमा शब्दहरूलाई यताउती गर्नुभएको थियो भनेर तिनीहरूले दाबी गर्छन् (ग्रीक भाषामा पेट्रोस् र पेट्रेन भन्ने शब्दहरूलाई बिभिन्न अर्थहरू लगाउन सकिन्छ)। तर प्रायजसो येशूले प्रयोग गर्नुभएको आरामिक भाषामा येशूले उच्चारण गर्नुभएको शब्द स्पष्ट छ। यद्यपि आरामिक भाषामा नै कस्तो ठिक्क शब्द प्रयोग गर्नुभएको थियो भनेर कसैलाई पनि थाहा छैन। मत्तीले प्रयोग गरेका ग्रीक भाषामात्र हामीसँग छ। त्यसले पेट्रोस (पत्थर) र पेट्रा (चट्टान)को बीचमा अन्तर भएको देखाइएको छ। त्यस भिन्नतालाई हामीले बेवास्ता गर्नुहुन्न।

पेट्राको अर्थ ख्रीष्ट हुन् भन्ने तर्क अत्यन्त मनासिव देखिन्छ। येशूले गर्नुभएको टिप्पणीको यथार्थ अर्थले (मत्ती १६:१३-२०) उहाँ को हुनुहुन्छ र उहाँको काम के हो सो बताउँछ। त्यसले पत्रुसलाई औंल्याउँदैन। चट्टानमा बनाएको घर भनेर एउटा अर्तीकथामा उहाँले चट्टान आफू हो भनेर आभास् दिनुभएको थियो। त्यसकारण चट्टान भनेर प्रयोग गर्नुभएको शब्दचित्रले आफू र आफ्ना शिक्षादीक्षाहरू हुन् भनेर स्पष्ट पार्नुभएको देखाइएको छ (मत्ती ७:२४,२५)।

**पुरानो करारमा चट्टानको अर्थ के हो भनेर देहायका पदहरूले उल्लेख गरेको सोच्नुहोस्ः व्यवस्था ३२:४ "उहाँ नै चट्टान हुनुहुन्छ। उहाँका काम सिद्ध छन्, र उहाँका सबै चाल न्यायोचित छन्।**

**एउटा विश्वासयोग्य परमेश्वर जसले भूल गर्नुहुन्न, न्यायी र सत्य उहाँ हुनुहुन्छ।", भजन २८:१ "हे परमप्रभु, मेरो चट्टान, म तपाईंलाई पुकार्दछु, मेरो पुकार नसुनेजस्तो नगर्नुहोस्, नत्रता तपाईं मौन रहँदा, म मृत-लोकमा पर्नेहरूजस्तो हुनेछु।", भजन ४२:९ "मेरा**

परमेश्वर मेरो चट्टानलाई म भन्छु, "तपाईंले किन मलाई बिर्सनुभएको छ? शत्रुहरूको थिचोमिचोमा परेर म किन शोक गरेर हिँड़िरहनुपर्ने?" , भजन ६२:२ "उहाँ मात्र मेरो चट्टान र मेरो उद्धारक हुनुहुन्छ, उहाँ मेरो किल्ला हुनुहुन्छ, म कहिल्यै डग्नेछैनँ।" र यशैया १७:१० "तिमीले तिम्रो उद्धार गर्ने परमेश्वरलाई बिर्सेको छ, र चट्टान, अर्थात् तिम्रो किल्लालाई तिमीले सम्झेनौ। यसैकारण, यद्यपि तिमीले अति सुन्दर बोटहरू रोप्यौ र विदेशबाट ल्याएका दाखका बोटहरू लगायौ।"

उहाँको चर्च चट्टानमाथि निर्माण गर्ने भन्ने येशूको वचन पत्रुस र अरू चेलाहरूले सुनेका थिए। त्यो चट्टानको अर्थ के रहेको थियो भनेर थाहा पाउन तिनीहरूले पुरानो करारका उपरोक्त पदहरू सम्झेको हुनुपर्छ। चट्टानको प्रतिकको अर्थ परमेश्वर हुनुहुन्छ भन्ने कुरामा तिनीहरू द्विविधामा नभएको हुनुपर्छ।

पत्रुस आफै पनि चर्चको जग येशूरूपी चट्टान हो भनेर यसरी उहाँको वचनलाई समर्थन गर्दछन् "तिमी निर्माणकर्ताहरूले त्यस चट्टान वा मूल पत्थरलाई बवेस्ता गऱ्यौ। तर त्यो पत्थर सबैभन्दा महत्त्वपूर्ण पत्थर हुन गएको छ।" (प्रेरित ४:११ रूपान्तरित)। पत्रुस आफैले चर्चको जग वा सुरुवात चट्टानरूपी ख्रीष्ट हुनुहुन्छ भनेर औँल्याएका थिए (१ पत्रुस २:४-८)। निसन्देह पत्रुसले येशूका उपासकहरूलाई "जिवित पत्थरहरू" हुन् भनेर सम्बोधन गरेका थिए तर उनले पेट्रा वा चट्टान भन्ने शब्द केवल ख्रीष्टलाई मात्र प्रयोग गरेका थिए। बाइबलमा पेट्रा भन्ने शब्द येशूलाई बाहेक अरू कुनै व्यक्तिलाई पनि प्रयोग गरिएको छैन।

प्रेरित पावलले पनि ख्रीष्टलाई नै औँल्याएर पेट्रा अर्थात् चट्टान भन्ने शब्द प्रयोग गरेका थिए (रोमी ९:३३, १ कोरन्थी १०:४)। अत्यन्त सुरो भएर पावलले यो दाबी गरेका थिए "जुन् जगमा पहिले नै चर्च बसालिएको छ त्यो जगमा अरू कोहीले पनि अर्को जग बसाल्ने अधिकार छैन। त्यो जग हो येशू ख्रीष्ट" (१ कोरन्थी ३:११ रूपान्तरित)। त्यसकारण चर्चको आधारशिल वा जग यथार्थमा चट्टान वा पेट्रारूपी येशू नै हुनुहुन्छ भन्ने आत्मज्ञानमा प्रारम्भिक इसाईहरू कुनै पनि अलमलमा नपरेको कुरा स्पष्ट देखिएको छ। त्यस आधारशिल वा जगमाथि लगाएका अरू प्रथम तहका जिवित पत्थरहरू अगमवक्ता,

पत्रुस समेत अरू चेलाहरू थिए भनेर तिनीहरूले बुझेका थिए। चर्चको आत्मिक प्रणाली गठन गर्न येशूका ती प्रथम् प्रखर भक्तहरूको भूमिका अटल थिए भनेर पछिका इसाईहरूले मानेका थिए (एफिसी २:२०)।

**समय समयमा कमजोर देखिएतापनि चर्चको मूल जग वा आधारशिल ख्रीष्ट आफै हुनुहुन्छ भन्ने शिक्षादीक्षाबाट हामी भडकिनु हुन्न भन्ने कुरा थाहा पाउनु किन जरुरी छ?**

## २. एकताको निम्ति ख्रीष्टको प्रार्थना (यूहन्ना १७)

बिहिबार बेलुकाको समय थियो। येशू र उहाँका चेलाहरू अन्तिम भोजन वा प्रभुभोज पछि जैतुनको डाँडातिर जानुभएको थियो। तिनीहरू गेतसमनी बगैंचामा जाँदै थिए। तर जाँदाजाँदै येशू बाटोमा टक्क रोकिनुभयो र प्रार्थना गर्नुभयो। उहाँले आफ्नो निम्ति, उहाँका चेलाहरूको निम्ति र ती चेलाहरूको वचन सुनेर उहाँमाथि विश्वास गर्ने सम्पूर्ण भावी विश्वासीहरूको निम्ति प्रार्थना गर्नुभएको थियो। क्रुसको दर्दनाक कष्ट उहाँको सामु खडाभएको थियो। तर उहाँको ठूलो चासो भनेको आफ्नो लागि नभएर उहाँका भक्तहरूको निम्ति थियो। येशूको सबभन्दा लामो प्रार्थना यूहन्ना १७ अध्यायमा छ। त्यो प्रार्थनाको विषयवस्तु आफू नभएर उहाँका भावी भक्तजनहरूको निम्ति थियो। परमेश्वर पिता र चेलाहरूको बीचमा रहेर उहाँले तिनीहरूको निम्ति पैरवी वा बिन्ति चढाएका थिए। उहाँलाई विश्वास गर्ने तत्कालिन विश्वासी र हामीहरूको निम्ति पनि प्रार्थना गर्नुभएको थियो भन्ने ज्ञानले हामीलाई हौसला दिनुपर्छ।

**विशेष गरेर पद २१-२३मा ध्यान दिएर परमेश्वर पितासँग येशूले गर्नुभएको विश्वासीहरूको निम्ति गर्नुभएको यूहन्ना १७को प्रार्थनाको विषयवस्तु के थियो? हेर्नुहोस् "१ यी कुरा भनिसक्नुभएपछि येशूले स्वर्गतिर आँखा उचाली भन्नुभयो, "हे पिता, समय आइपुगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, र पुत्रले तपाईंको महिमा प्रकट गरोस्। २ किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन देओस्। ३ अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू**

ख्रीष्टलाई चिनून्। ४ जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी
तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। ५ अब हे पिता,
संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले
आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्।
६ "संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो,
तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु। तिनीहरू तपाईंका
थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन
पालन गरेका छन्। ७ तिनीहरूलाई अब थाहा छ, कि तपाईंले मलाई
दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो। ८ किनभने जुन वाणी
तपाईंले मलाई दिनुभयो, मैले तिनीहरूलाई दिएको छु, र तिनीहरूले ती
ग्रहण गरेका छन्। म तपाईंबाट आएको हुँ भन्ने तिनीहरूले साँच्चै
जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले
विश्वास गरेका छन्। ९ म तिनीहरूका निम्ति प्रार्थना गर्दछु, संसारको
निम्ति म प्रार्थना गर्दिनँ, तर तिनीहरूका निम्ति, जसलाई तपाईंले मलाई
दिनुभएको छ। किनभने तिनीहरू तपाईंकै हुन्। १० मेरा सबै जे छन्
तपाईंका हुन्, र तपाईंका जे छन् मेरा हुन्। मेरो महिमा तिनीहरूमा
प्रकट भएको छ। ११ "म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त
संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले
मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र
हामी जस्तै तिनीहरू पनि एक होऊन्। १२ जबसम्म म तिनीहरूसँग
थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित
राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक
अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो। १३
"तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु,
कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। १४ मैले तिनीहरूलाई तपाईंको
वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गर्‍यो, किनकि तिनीहरू
संसारका होइनन्, जसरी म संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई
संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट
सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि
संसारको होइनँ। १७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको
वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले

पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म
आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्।
२० "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका
सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, २१ कि
तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म
तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई
पठाउनुभयो भनी संसारले विश्वास गरोस्। २२ जुन महिमा तपाईंले
मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं
तिनीहरू पनि एक होऊन्। २३ म तिनीहरूमा, अनि तपाईं ममा, र
तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि
मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी
संसारले जानोस्। २४ "पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई
दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा,
संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले
मलाई दिनुभएको थियो। २५ "धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन,
तर म तपाईंलाई चिन्दछु, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी
यिनीहरूले जान्दछन्। २६ मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें,
अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले
मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा
रहूँ।"

स्वस्थ चर्चको निम्ति विश्वासीहरूको बीचमा एकता हुनु अत्यन्त जरुरी छ। येशूका भक्तहरू एक होउन् भनेर उहाँले चारपल्ट गर्नुभएको प्रार्थनाले त्यो कुरा पुष्टि गर्दछ (यूहन्ना १७:११,२१-२३)। आफ्नो अन्तिम घडीमा येशूले अरू धेरै महत्त्वपूर्ण तथा आवश्यक विषयवस्तुहरूको निम्ति प्रार्थना गर्न सक्नुहुन्थ्यो। तर इसाई इसाईहरूको बीचमा एकता होस् भनेर उहाँको प्रार्थना केन्द्रित भएको थियो। येशूका अनुयायीहरूको बीचमा झैंझगडा, कचकच हुन्छ र विभाजन ल्याएर इसाई एकतालाई तहसनहस पार्ने ठूलो खतराको सृजना हुन्छ भन्ने कुरो उहाँलाई थाहा थियो।

आफ्नो सम्बन्ध परमेश्वर पितासँग कस्तो थियो त्यसै खालको सम्बन्ध विश्वासीहरूको बीचमा पनि होस् भनेर उहाँले प्रार्थना गर्नुभएको

थियो। परमेश्वर पिता र येशूमा पूर्ण एकता थियो। पिता र येशू दुई व्यक्तित्व हुनुहुन्छ। उहाँहरू एक आपसमा भिन्न छन् र उहाँहरूको जिम्मेवारी पनि भिन्न नै छन्। तर स्वभाव र लक्ष्यमा उहाँहरू एक थिए। त्यही प्रकारले येशूका हामी अनुयायीहरूमा पनि आआफ्नै सोचविचार छन्, भिन्नै भावनाहरू छन्, फरक पृष्ठभूमिहरू छन्, हामीहरूको क्षमता, प्रतिभा र कामहरू अलग अलगनै छन्। तर हामी सबै येशूमा एकत्रित भएर रहनु अत्यन्त जरुरी छ।

यस्तो खालको एकता त्यसै त हुँदैन। त्यो एकता हुन हामी सबैले येशू ख्रीष्ट हामीहरूको जीवनको स्वामी हुनुहुन्छ भनेर पूर्णरूपमा स्वीकार्नुपर्दछ। हामीहरूको चरित्र, स्वभाव र आचरणलाई उहाँले आफ्नो ढाँचामा ढाल्न दिनुपर्छ। हामीहरूले हामीहरूका इच्छा, चाहना वा महत्वाकाँक्षाहरू उहाँको इच्छामा समर्पण गर्नै पर्छ।

तर येशूभक्तको जीवनको लक्ष्य भनेको एक हुनु मात्र होइन। हामीहरूको एकताको लक्ष्य भनेको नै परमेश्वर पिताले ख्रीष्टलाई हाम्रो मुक्तिदाता बनाएर पठाउनुभएको सन्देश सारा संसारलाई दिनु हो। हामीहरूमा भएको एकताले अरू मानिसहरू उहाँप्रति आकर्षित गर्न प्रेरणा मिल्दछ। पापीहरूको उद्धारको निम्ति परमेश्वर पिताले एक मात्र पुत्र पठाउनुभएको थियो भन्ने सबूद र बलियो प्रमाण नै विभिन्न पृष्ठभूमि र सोचविचारबाट आएका विश्वासीहरूको बीचमा एकता र शान्तिले देखाउँदछ। विश्वासीहरूको बीचमा हुने एकता नै ख्रीष्टले उद्धार गर्नुभएको छ र उहाँमा जीवन परिवर्तन गर्ने शक्ति छ भन्ने बलियो प्रमाण हो। सारा संसारलाई हामीहरू एक भएर देखाउन सक्नु नै इसाई जगतको गरिमामय प्रतिष्ठा हो। त्यो आदरणीय जिम्मेवारी प्रत्येक येशूभक्तको काँधमा सुम्पिएको छ।

**आफ्नो भाऊ खोज्ने प्रवृत्ति र आफ्नो स्वार्थसँग बाँझिने कुराले गर्दा इसाई जगतमा एकताको परिकल्पनामा ठूलो धक्का पुगेको धेरैपल्ट अनुभव गरिएको छ। सही तथा असल कारणबिना हामीहरूको एकतामा पनि खलल ल्याउनमा दोषी नहुन हामी कसरी सतर्क हुने?**

## ३. ख्रीष्टले दिनुहुने एकताको वरदान (यूहन्ना १५:१-५)

**आफ्नो चर्चमा एकता होस् भनेर येशूले गर्नुभएको प्रार्थनाको मूल कारण के हो? देहायका पदहरूले दिएको पढ्नुहोस्: यूहन्ना १७:२३ "म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्।" र यूहन्ना १५:१-५ "साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। २ ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। ३ मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ। ४ ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। ५ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ।"**

"तिमीहरू ममा र म तिमीहरूमा" (यूहन्ना १४:२० रूपान्तरित) भन्ने अभिव्यक्तिले हामीहरू येशूसँग कतिको घनिष्ट सम्बन्ध हुनु आवश्यक छ भनेर देखाउँछ। हामीहरूको हृदयमा येशू हुनुभयो भने हामी विश्वासीहरूको बीचमा एकता हुन हौसला प्रदान गर्छ। उहाँले हामीहरूको एकताका दुई तत्वहरू जीवनमा ल्याउनुहुन्छ: ती हुन् परमेश्वरको वचन र उहाँको प्रेम।

यदि हामीमा येशू हुनुहुन्छ भने हामीहरूको जीवनमा उहाँका वचनहरू पनि हुनेछ। उहाँका वचनहरू उहाँका पिताका बोलीहरू हुन् (यूहन्ना १४:२४, यूहन्ना १७:८, १४)। येशू "सत्य" हुनुहुन्छ (यूहन्ना १४:६), र उहाँको पिताको वचन पनि "सत्य" हो (यूहन्ना १७:१७)। येशूमा एक हुनु भनेको परमेश्वरको वचन (बाइबल)मा पनि एक हुनु हो। हामी सबै एकै मनका भएर आत्मिक रूपमा चल्ने हो भने परमेश्वरको वचनमा दिएका सत्य आत्मज्ञानको मामिलामा सबै जना सहमत हुनुपर्छ। यदि बाइबलमा दिएका शिक्षादीक्षाबाट बाहिर गएर एक हुन खोज्यौं भने त्यो एकता असफल हुन निश्चित छ।

येशू आफैले अनुकरणीय उदाहरणद्वारा देखाउनुभएको सच्चा प्रेममा उहाँका भक्तहरू एक होउन् भन्ने पनि उहाँको चाहना छ। यदि हामी येशूमा छौं भने हामीमा पनि त्यो सिद्ध प्रेम हुनेछ जुन् परमेश्वर पिताले उहाँको पुत्रलाई देखाउनुभएको थियो (यूहन्ना १७:२६)। त्यो भावूक वा क्षणिक भावनाको प्रेम होइन जुन् भावना मेटिएपछि माया प्रेम पनि हराएर जान्छ। बरू प्रेमको कार्यमा स्थायीत्व दिने नीतिमा चल्न चाहना गर्नु हो। सहानूभूति, कृपा, दया, माया आदि भावनामा निहित नराखेर क्रियाशील बनाउनु येशूनीति हो। येशूले निर्धारण गर्नुभएको सच्चा प्रेममा रहन हामी आफ्नो भाऊ खोज्ने बानीलाई त्याग्न सक्नुपर्छ र येशूको भाऊ बढि खोज्न चाहना गर्नुपर्छ। यदि यो नीति हामीले अपनाउन सक्षम् भयौं भने हामी एक आपसमा पक्का प्रेम गर्न सक्नेछौं। त्यस्तो खालको मनस्थितिमा चल्न सकियो भने सच्चा एकता सम्भव हुन्छ भन्ने सम्भावनाको निम्ति येशूले प्रार्थना गर्नुभएको थियो।

"जो मानिस सत्यलाई विश्वास गर्छु भनेर दाबी गर्छ त्यसलाई सत्यले नै पवित्र पार्दछ। त्यो मानिस सत्यमा हिंडेको प्रमाणित हुन्छ जब ऊ ख्रीष्ट जस्तै जिउन सिक्दछ। अनि मात्र चर्चमा सिद्ध वा पक्का र पूर्ण एकता हुन्छ।"-एलेन जी ह्वाइट, *द साइन अभ द टाइमस्,* सेप्टेम्बर १९,१९००बाट रूपान्तरित।

सत्यको आदर्शलाई उच्च स्थानमा त राख्न सजिलो होला तर त्यसैबखत एक आपसमा गहिरो र पक्का प्रेम गर्नचाहिँ सधैं सजिलो भएको पाइन्दैन। आदर्शको भाषणचाहिँ बढि छाँट्ने तर व्यवहारिक रूपमा प्रेम गर्न असक्षम् हुने समस्या मानिसमा भएको पाइन्छ। फेरि त्यसै बखत प्रेमको कुरा बढि गर्ने तर आदर्श नीतिलाई ध्यान नदिने समस्या पनि कमको छैन। बाइबलको शिक्षादीक्षामात्र एकताको निम्ति अपरिहार्य छ भनेर कतिपयले तर्क गर्छन् होला। तर भाग्यवश त्यस असंतुलनलाई ठेगाना लगाएको हामी पाउँछौं। तर आज फेरि एकताको निम्ति बाइबलको शिक्षादीक्षा भन्दा प्रेम ठूलो छ भन्ने नीतिले परमेश्वरले चाहनुभएको आदर्श जीवनलाई तहस नहस पारेको पाइन्छ। सत्य आत्मज्ञान बिना प्रेम गर्नु अन्धो प्रेम गर्नु हो भन्ने तथ्यलाई हामी सम्झिरहनुपर्दछ।  र सत्य आत्मज्ञान पनि प्रेम बिना निरर्थक हुन्छ भन्ने कुरालाई पनि पन्छाउनु हुन्न। दिमाग र हृदय सँगसँगै काम गर्नुपर्दछ।

ख्रीष्टले प्रार्थना गर्नुभएको एकताको निम्ति सुरूका चर्चका इसाईहरूले चरितार्थ गरेर देखाएका थिए। "प्रेरितहरूले सिकाएका विद्यालाई विश्वासीहरू मिलेर अध्ययन गरे। तिनीहरूको जीवनलाई एक आपसको हितको निम्ति चलेका थिए। तिनीहरू सँगसँगै रोटी भाँचे र मिलेर खाए। र तिनीहरू एक भएर प्रार्थना गरे।" (प्रेरित २:४२ रूपान्तरित)।

## ४. ठूलो खतरा जसले एकतालाई ध्वस्त पार्दछ (मत्ती ७:१-५)

**चर्चका विश्वासीहरूको बीचमा हुने कचमचलाई पन्छाउन येशूले मत्ती ७:१-५मा औंल्याउनुभएको नीतिलाई कसरी अबलम्बन गर्ने? हेर्नुहोस्: "१ येशूले अझै भन्दै जानुभयो, "अरूलाई दोष नलगाओ अनि परमेश्वरले पनि तिमीहरूलाई दोष लगाउनुहुनेछैन २ किनभने जसरी तिमीहरूले अरूलाई दोषी ठहराउँछौ, त्यसरी नै परमेश्वरले पनि तिमीहरूलाई दोषी ठहराउनुहुनेछ। जुन नापले तिमीहरूले अरूलाई नाप्छौ, त्यही नापले तिमीहरूले पनि पाउनेछौ। ३ अर्काको आँखाको सिन्का देख्नेले आफ्नो आँखाको मुढो किन देख्दैनौ? ४ आफ्नो आँखाको मुढो पनि नदेख्नेले आफ्नो दाजुभाइलाई कसरी भन्न सक्छौ, 'खैखै, म तिम्रा आँखाको सिन्का निकालिदिऊँ?' ५ ए कपटीहरू हो! पहिले आफ्नै आँखाको मूढो निकाल अनि पो अर्काको आँखाको सिन्का निकाल्न छर्लङ्ग देख्नेछौ।"**

आफ्नो भन्दा अरूको दोष हेर्न वा आफूमा भएको काँडा भन्दा अरूमा भएको काँडा हेर्न धेरै सजिलो छ। अरूको आलोचना गर्नुको अर्थ अरूभन्दा हामी असल छौं भनेर दाबी गर्ने हो। आलोचना गर्ने व्यक्तिले आलोचित व्यक्तिलाई आफूसँग तुलना गर्दछ र आलोचित व्यक्ति आफू भन्दा खराब भएको देख्दछ। तर यदि हामी अर्थमूलक वा सेवामूलक जीवन बिताउन चाहन्छौं भने अरूलाई हामीसँग होइन येशूसँग दाँज्ने लक्ष्य लिएर चल्नुपर्छ।

परमेश्वरको निर्देशनलाई हामी सबैले पालन गऱ्यौं भने कतिपस समस्याहरूबाट हामी पन्छिन सक्दछौं होला? "अरूको बारेमा हल्ला वा झुठो कुरा नफैलाउनु" भनेर लेवी १९:१६मा भन्दछ भने अरूको

बारेमा कानेखुशी गर्नेले घनिष्ठ साथी साथीको बीचमा फाटो ल्याउँछ भनेर हितोपदेश १६:२८मा भनिएको छ।

फेरि अरूको बारेमा भन्नु पनि कहिलेकाहिँ जरुरत पर्दछ। तर अरूको बारेमा आलोचना गर्नुपर्दा वा अरूको बारेमा केही भन्नुपर्दा पहिले तीनवटा प्रश्नहरू हामी आफैले सोच्नुपर्दछः

१. "मैले भन्न गइरहेको कुरा के सत्य हो?" दश आज्ञामा एक आज्ञा स्पष्ट छ "तिम्रो छिमेकीको विरुद्धमा झुठो कुरा नगर्नु" (प्रस्थान २०:१६ रूपान्तरित)। कहिलेकाहिँ हामी कुनै कुरो तथ्य हो भनेर अरूलाई सुनाउँछौं तर यथार्थमा त्यो हामीले गरेको अनुमानमात्र हुन सक्छ। कसैको कुरा गर्नुपर्दा कतिपय समयमा हामीमा भएको पूर्वाग्रहलाई जोडेर त्यसमा थप्छौं पनि। यदि हामी त्यसरी चल्यौं भने अरूलाई अन्यायपूर्वक मूल्याङ्कन गर्ने बानीमा हामी पर्न सक्दछौं।

२. मैले जे भन्न गइरहेको छु के त्यसले सकारात्मक नतिजा ल्याउछ त? सुन्ने मानिसको निम्ति के त्यो सहयोगी हुनसक्छ र? अरूको चरित्र वा जिवन निर्माण गर्न र आवश्यकतामा सहयोग पुऱ्याउनमात्र बोल्नुपर्छ भनेर प्रेरित पावलले हामीलाई सतर्क गराएका छन् (एफिसी ४:२९)। यदि कुनै कुरो सत्य नै होला तर त्यसले कसैको फाइदा गर्दैन भने त्यसको बारेमा मौन रहनु नै उत्तम हुन्छ।

३. मैले जे भन्न गइरहेको छु के त्यो भन्ने तरिकामा मेरो सदाशयता र प्रेम लुकिएको छ त? हामीले जे भन्छौं त्यो भन्दा कसरी भन्छौं त्यो महत्त्वपूर्ण र प्रभावकारी हुन्छ (हितोपदेश २५:११)। यदि कसैको बारेमा आलोचना गर्नुपर्दा वा मूल्याङ्कन गर्नु नै पर्दा हामीले त्यस्तो नीति लिएर बोल्नु पर्छ जसले गर्दा मूल्याङ्कन गरिनुपर्ने व्यक्ति र सुन्ने व्यक्तिको इज्जतमा धक्का नलागोस्।

हामीहरूको जीब्रोलाई सारा जङ्गल ध्वस्त पार्ने आगोको सानो झिल्का हो भनेर याकूबले याकूब ३:५,६मा भनेका छन्। कसैको बारेमा गफ गरेको वा कुरा काटेको सुन्नुपर्दा त्यसमा दाउरा थपेर आगो झन ठूलो बनाउनु आवश्यक छैन किनभने दाउरा राखिएन भने आगो निभेर जान्छ। यदि अरूको बारेमा हामीले कुरा काटेनौं भने अरूको इज्जतमा धक्का पर्ने आगो त्यसै निभ्छ (हितोपदेश २६:२० रूपान्तरित)। अरूको बारेमा गफ गर्न वा हल्ला फैलाउन सुन्ने

मानिसहरूको साङ्लोको आवश्यकता पर्छ। तर कुरा गर्दा त्यो गफ वा हल्लालाई जीवितै राखेको हुन्छ। त्यस्तो कुरा नसुन्न हामी इन्कार गर्न सक्नुपर्छ। वा हामीले नचाहेतापनि सुन्यौं भने पनि अरूलाई बाँड्न आवश्यक ठान्नु हुँदैन। "अरूको इज्जतमा धक्का पर्ने कुरा गर्नुको सट्टा बरू ख्रीष्टको असिमित शक्तिको बारेमा चर्चा गरौं र उहाँको महिमा गर्न अर्थात् उहाँको भाऊ बढाउने कुरामा चासो देखाऔं।" -एलेन जी ह्वाइट, *द अपवार्ड लुक*, पृ. ३०६बाट रूपान्तरित।

**यो कुरो निर्विवाद छः अरूको बारेमा हल्ला फिजाउँदा, कुरो काट्दा वा चरित्रको आलोचना गर्दा हामीलाई संतोष हुन्छ। तर यदि हामी आफूलाई येशूसँग तुलना गर्ने नीति लिन सक्यौं भने एक आपसको सम्बन्धमा कस्तो रमाइलो होला सोच्नुभएको छ?**

## ५, एकताको निम्ति प्रयास (मत्ती ५:२३,२४)

**कुनै भाइ वा बहिनीको हृदयमा हामीले चोट पुऱ्यायौं भने त्यस भाइ वा बहिनीसँग मिलाप गर्नु किन जरुरी छ? हेर्नुहोस् मत्ती ५:२३,२४ "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, २४ तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ। पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ।"**

तत्कालिन मन्दिरको वेदीमा मानिसहरूले विभिन्न किसिमका भेटीहरू ल्याउँथे। तर यस बखत येशूले सायद त्यस पशु बलिको बारेमा सम्बोधन गर्दै हुनुहुन्थ्यो जुन् परमेश्वरबाट क्षमा पाउन पापीहरूले ल्याउँथे। तर परमेश्वरबाट क्षमा पाउनु भन्दा पहिले हामीहरू एक आपसमा मेलमिलाप गर्नै पर्छ। कसैसँग मिल्न जान पहिले हामीहरूको हृदयलाई कोमल र नम्र बनाउनुपर्छ वा अरूको सामु झुक्न राजी हुनुपर्दछ। यदि हामीहरूको मनस्थितिमा यो भावना पैदा गर्न सकेनौं भने परमेश्वरबाट क्षमा पाउन हामीले कसरी अपेक्षा गर्ने?

**यदि कसैले हामीहरूलाई चोट पुऱ्यायो भने त्यसलाई सम्हाल्न हामीले के तिन कदम चाल्नुपर्छ? हेर्नुहोस् मत्ती १८:१५-१८ "तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गऱ्यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ**

**आफ्नो भयो।१६ तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस् १७ यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गर्‍यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गर्‍यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्।१८ साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ।"**

यदि कसैले हामीलाई चोट पुर्‍यायो भने पहिले त्यस मानिससँग गएर छिनोफानो गर्नुपर्छ। त्यो भन्दा पहिले अरूसँग गएर हामीलाई चोट पुर्‍याउने मानिसको बारेमा कुरा लगाउनु मनासिब छैन भनेर येशूले हामीलाई भन्नुहुन्छ। अरूको आलोचना गरेर हिंड्न येशूले हामीलाई अनुमति दिनुभएको छैन। तर कसैले गल्ती गर्‍यो भने त्यो गल्ती स्वीकार गराउन र परमेश्वरसँग फर्काउन प्रयास गर्नुपर्छ (लेवी १९:१७)। कोमल र मायालु हृदय लिएर तिनीहरूको गल्ती हामीले औंल्याउनु कोसिस गर्नुपर्दछ। पछुताव गर्न र माफी माग्न तिनीहरूलाई अवसर दिनुपर्दछ। अरूहरूको सामु तिनीहरूको दोष वा गल्ती औंल्याएर तिनीहरूको बेइज्जत गर्नु कसैको अधिकार छैन भनेर सम्झनु अत्यन्त जरुरी छ। यदि हामीले कसैको गल्ती पहिले अरूलाई भन्यौं भने त्यसले त्यस व्यक्तिलाई पछुताव गर्न झन मुस्किल पारिदिन्छ।

व्यक्तिगतरूपमा त्यस मानिससँग कुराकानी गरेर तिनीहरूको गल्ती देखाइदियो भने तिनीहरूले आफ्नो गल्ती स्वीकार गर्न र मेलमिलाप गर्न सजिलो पार्दछ। तर यदि गल्ती गरेको मानिसलाई उसको गल्तीलाई व्यक्तिगत रूपमा देखाइदिंदा पनि वास्ता गरेन भने अनि एक वा दुई जना मानिसकहाँ गएर गवाहीको निम्ति त्यो भन्नुपर्छ भन्ने अर्को कदम हो (व्यवस्था १९:१५)। गल्ती गर्ने मानिसले आफ्नो दोष देखोस् भनेर त्यसो गर्नुपर्दछ। गल्ती गर्ने मानिसलाई त्यस्तो अवस्थामा पार्नु हुन्न जसले गर्दा त्यस मानिसलाई झन कठोर बनाउँछ।

अन्तमा जब प्रथम् दुई कदम पनि असफल भयो वा ती दुई कलम चालेर मानिसको गल्ती वा दोषको पछुताव गरेन भने अनि चर्चमा गएर त्यो कुरा हामीले भन्नुपर्दछ। तर गल्ती गर्ने मानिसलाई

सजायँ दिन त्यो गर्ने होइन बरू त्यसले पछुताव गरोस् भन्ने हेतुले त्यो कदम चाल्ने हो। सुरूदेखि ती सबै कदमको उद्देष्य यो हुनुपर्दछ कि गल्ती गर्ने मानिस मुक्तिको दायराभित्र रहुन् (गलाती ६:१)।

**कोही मानिस झैंझगडामा परेको छ त्यो झगडामा सामेल भएको सबै जनालाई परमेश्वरकहाँ ल्याएर मिलाउने नीति अति उत्तम नीति हो भनेर हामी सबैले सम्झनुपर्दछ। कसैले हामीलाई चोट पुऱ्यायो भने येशूको त्यो नीति पालन गर्न प्रायजसो किन हामीलाई कठिन पर्दछ? प्रतिशोधको भावनाले हामी ग्रस्त भयौं भने हामीहरूको सोचविचार किन धमिलो हुन सक्छ?**

## उपसंहारः

**<u>थप जानकारीको</u> निम्ति एलेन जी ह्वाइटद्वारा लिखित यी सामग्री उपयुक्त छ, हेर्नुहोस् टेस्टिमोनिज फर द चर्च ठेली ५, पृ. २३६-२४८को "क्रिश्चियन युनिटी" र ठेली ८को पृ. २३९-२४३को "वान विथ गड"।**

"एकता नै बल हो। यदि हामी विभाजित भयौं भने हामी कमजोर हुन्छौं। जब वर्तमान सत्यलाई सबै मिलेर मानिसहरूको सामु प्रस्तुत गरियो भने त्यसको प्रभाव अत्यन्त सकारात्मक हुन्छ। शैतानले यो कुरा राम्रोसँग बुझेको छ। परमेश्वरका जनहरूको बीचमा खिचलो ल्याएर एक आपसमा ईख र डाहको जालो फैलाएर परमेश्वरको सत्यलाई ध्वस्त पार्न शैतान जहिले पनि अथक प्रयास गरिरहेको हुन्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. २३६बाट रूपान्तरित।

"जब सम्म फरक ढँगमा सोच्न बाध्य गराउँदैन तब सम्म हामी सबै मानिसहरू विशेष गरेर हामीहरूका विश्वासी दाजुभाई तथा दिदि वहिनीहरूको बारेमा असल सोच्न प्रयास गर्नुपर्छ। कसैको बारेमा नराम्रो खबर छ भन्ने तुरन्तै त्यसलाई मान्नुपर्छ भन्ने छैन। प्रायजसो रिसईबी र डाहले पोल्दा र नबुझ्दा मानिसहरू एक आपसको कुरा काट्छन् र हल्लाहरू फैलाउँछन्। हल्ला ठिकै भएतापनि प्रायजसो तथ्यलाई बंग्याएर वा झुठो कुरो थपेर अरूको चरित्र हत्या गर्न खोज्छन्।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. ५८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. तपाईंको सोचभन्दा फरक भएको मानिससँग दयालु भएर कसरी कारोबार गर्ने? तिनीहरू तपाईंभन्दा धेरै कुराहरूमा फरक भएको भेट्टाउनुभएतापनि तिनीहरूबाट तपाईं पन्छिएर बस्न सक्नुहुन्न। यद्यपि तिनीहरूकै माझमा बसेर तिनीहरूसँग हिलमिल गर्नुपर्ने हुन्छ। त्यस्तो अवस्थामा पनि तपाईं तिनीहरूको आँखाको नानी भएर कसरी बस्ने? तपाईंप्रति रुखो व्यवहार गर्ने, तपाईंको बारेमा गलत मूल्याङ्कन गर्ने, तपाईंलाई आँखाको छारो ठान्ने, तपाईंको कुरासँग सहमत नहुने र तपाईंप्रति रतिभरपनि माया नहुने मानिसहरू तपाईंको वरिपरि बिरुवा जस्तै उम्रिरहेको हुनसक्छ। ती मानिसहरूसँग रहनसहन गर्नुपर्ने बाध्यतामा तिनीहरूको मनस्थितिे तपाईंलाई असर नपारी तपाईंको दिमागलाई संतुलन राखेर कसरी चल्ने?

आ. इसाई चर्चमा एकता हुनु अत्यन्त जरुरत छ। तर चर्चको परिप्रेक्ष्यमा के त्यो एकता थामी राखिएको छ त वा छ भने कसरी थामीराखेको छ? गैर इसाईहरूले इसाईहरूमा भएको असाधारण एकतालाई कसरि हेरिरहेका होलान्? इसाईहरूमा भएको एकताले के तिनीहरूले येशूको भाऊ बढाइरहेका छन् कि?

इ. जसले हामीलाई चोट पुऱ्यायो त्यसलाई हामी सदाशय देखाएर माफी दिनुपर्छ भनेर येशूले हामीलाई सिकाउनुभएको छ। तर हामीलाई चोट पुऱ्याउने मानिसले गल्ती स्वीकार गरेनन् र हामीसँग माफी मागेनन् भने त्यस मानिसप्रति हाम्रो मन कस्तो हुन जानसक्छ? येशूको नीतिलाई मध्यनजरमा राखेर त्यसप्रति हामी कस्तो धारणा लिएर चल्नुपर्छ?

ई. अनुशासन वा गल्ती सच्याउने नीति र प्रेमको बीचमा के सम्बन्ध छ?

उ. दसौं हजार इसाई सम्प्रदायलाई एकत्रित पारेर इसाई एक हौं भन्ने अभियान चलाउने सँगसंस्थाले येशूको एक हुने प्रार्थना सार्थक बनाउन खोजेको देखिन्छ। तिनीहरूको प्रयास असल

हुनसक्छ। तर येशूको शिक्षादीक्षा र अन्तिम समयमा हुने घट्नाहरूलाई मध्यनजरमा राखेर त्यस अभियानमा के समस्या उब्जन सक्छ भनेर तपाईंले देख्नुभएको छ?

ऊ. "हामीलाई फरक सोच राख्न बाध्य नगराएसम्म सबै मानिस वा हामीहरूका विश्वासी भाइबहिनीहरूको हित खोजेर चल्नुपर्छ।" भन्ने एलेन जी ह्वाइटको अभिमतलाई तपाईंले कसरी बुझ्नुहुन्छ? हामीहरूको मानविय स्वभाव कमजोर छ र पापपूर्ण छ, तैपनि हामीलाई येशूनीतिमा चल्न येशूले अऱ्हाउनुभएको छ। उहाँकै सहायताले हामी उहाँको मनस्थितिमा कसरी चल्ने?